बैठक संख्याः ३८

मिति:२०८३/०३/०१

समय:१:०० बजे

सिंजा गाउँपालिका नराकोट,जुम्ला

उपरोक्त मिति, समय र स्थानमा सिंजा गाउँपालिकाका अध्यक्ष श्री पूर्ण प्रसाद धिताल ज्यू को अध्यक्षतामा तपसिलमा उल्लेखित कार्यपालिका सदस्यहरुको समेत उपस्थितिमा बसेको बैठक देहाय बमोजिमका निर्णय गरियो ।

तपसिल

| सि.नं. | दर्जा | नामथर | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| १ | अध्यक्ष | पूर्ण प्रसाद धिताल | | |
| २ | उपाध्यक्ष | सितली रोकाया | | |
| ३ | वडा नं. १ अध्यक्ष | हरिनन्द आचार्य | | |
| ४ | वडा नं. २ अध्यक्ष | तिर्थ वड | | |
| ५ | वडा नं.३ अध्यक्ष | सुरथ बहादुर रावत | | |
| ६ | वडा नं. ४ अध्यक्ष | रन्जित बुढा | | |
| ७ | वडा नं. ५ अध्यक्ष | कृष्ण बहादुर रोकाया | | |
| ८ | वडा नं. ६ अध्यक्ष | लाल बहादुर बुढा | | |
| ९ | कार्यपालिका सदस्य | राजपुरा दमाई | | |
| १० | कार्यपालिका सदस्य | रुपकेउडा विष्ट | | |
| ११ | कार्यपालिका सदस्य | दन्ता कामी | | |
| १२ | कार्यपालिका सदस्य | मागी वड | | |
| १३ | कार्यपालिका सदस्य | हरिचन्द्र सार्की | | |
| १४ | कार्यपालिका सदस्य | मोती दमाई | | |
| १५ | प्रमुख प्रशासकीय अधिकृत | टेक बहादुर शाही | | |

आमन्त्रित

अधिकृत वैधी श्री भिम रोकाया

निर्णय नं. १.

सिंजा गाउँपालिकामा संघीय सरकारको विशेष अनुदानबाट प्राप्त रकमबाट १६ औ बजेट अधिवेशन गाउँपालिका भित्रका सम्पूर्ण सामुदायिक विद्यालयका कक्षा कोठामा स्मार्ट वोर्ड खरिद गर्ने निर्णानुसार कार्यलायले वोलपत्रको माध्यमबाट खरिद प्रक्रिया पुरा गरि सामान समेत प्राप्त भइसकेकाले वडा नै. १ देखि ६ सम्मका विद्यालयका कक्षाकोठाहरुमा विद्युतको व्यवस्थापन गरि तुरुन्तै स्मार्ट वोर्ड जडान गर्ने निर्णय गरियो ।

निर्णय नं.२.

सिंजा गाउँपालिकाका ६ वटै वडाका सम्पुर्ण सामुदायिक विद्यालयहरुमा स्मार्ट वोर्ड जडानका लागि विद्यालयले विद्युतको व्यवस्थापन गर्दा लागेको खर्च रकम आगामी आ.व. २०८३/०८४ को बजेट अधिवेशनबाट रकम विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. ३.

यस सिंजा गाउँपालिकामा छलफल गर्दा आर्थिक वर्ष २०८२/०८३ को संघीय सरकारवाट हस्तान्तरित कार्यक्रम बजेट अन्तर्गत सम्भाव्य उत्पादनको उत्पादकत्व र बजार प्रतिस्पर्धा वृद्धि गर्नका लागि कम्तिमा ५ जनाको समुहमा प्रविधि हस्तान्तरण गर्न यस सिंजा गाउँपालिकाबाट प्रथम पटक मिति २०८३/०२/११ गते र दोस्रो पटक २०८३/०२/२१ गते ७/७ दिनको सूचना अनुसार सिंजा गाउँपालिकामा लघु उद्यमी समुह दर्ता गरि परम्परागत झल्किने काष्ठकला उत्पादन गर्ने समुहहरुका लागि सूचना गर्दा १ वटा मात्र सिंजा काष्ठकला लघु उद्यमी समुह सिंजा गा.पा.३ नराकोट जुम्लाको आवेदन परेको हुनाले सो समुह छनौट भएको निर्णय गरियो ।